कोरोनाका कारण स्थगित भएका जात्राहरू

आभास धरानन्द राजोपाध्याय चैत ११, २०७६ | मंगलबार | काठमाडौँ

कोरोनाभाइरस (कोभिड-१९)को विश्वभर प्रभाव फैलिँदै गर्दा काठमाडौँ उपत्यका तथा आसपासका क्षेत्रका जात्रापर्वहरू स्थगित भएका छन्। यसो त मङ्गलबारबाट पूरै देश लकडाउन भएपछि सबै जात्रा स्थगित नै भएका छन्।

नेपालमा पनि सोमबार एकजना १९ वर्षीय युवतीमा सङ्क्रमण भेटिएपछि यसको त्रास झन् बढेको हो।

हुन त यसअघि नै नेपाल सरकारको आह्वानमा सतर्कता अपनाउँदै विभिन्न गुठी समूहले स्वतःस्फूर्त रूपमा जात्रापर्वको नगरी नहुने मात्र कार्य गरी भीडभाड हुने काम रोक्ने निर्णय गरेको थियो।

पाहाँचःह्रे अर्थात् पिशाच चतुर्दशीसँगै काठमाडौँ उपत्यका तथा वरपरका विभिन्न स्थानमा चाडपर्वहरू लाग्दै छ। यसपटक कोभिड-१९ को खतराका कारण ती जात्रा र जात्राका अंशहरू स्थगित हुन पुगेको हो। कोभिड-१९ बाट प्रभावित भएका जात्राहरू यी हुन्-

१) पाहाँचःह्रेअन्तर्गत द्यः ल्वाकेगु, असन र टुँडिखेल (सोमबारदेखि बुधबारसम्म)

पाहाँचःह्रे अर्थात् पिशाच चतुर्दशीअन्तर्गत काठमाडौँका विभिन्न अजिमा अर्थात् मातृकाको खटयात्रा हुने गर्दछ। विशेषतः विभिन्न रङ्गका टोपी लगाई गुठियारहरू खटयात्रा बोक्ने गर्दछन्।

यस पर्वअन्तर्गतको महत्त्वपूर्ण पक्ष चिराग साट्ने (मतहिलेगु) हो। स्थानीय नेपाल भाषामा यसलाई द्यः ल्वाकेगु अर्थात् खट जुधाउने पनि भनिन्छ। तर यसपटक कोभिड-१९ का कारण यो जात्रा स्थगित नै भएको हो।

छोट्याउने क्रममा टुँडिखेलमा र असनमा यसरी चिराग साट्ने कार्य नहुने श्री लुँमधि भद्रकाली गुठिले जनाएको छ। उक्त कार्यक्रममा निकै भीड हुने भएकोले यो छोट्याइएको गुठिद्वारा जारी सूचनामा उल्लेख छ।

पहिले जात्रालाई छोट्याई खटजात्रा मात्र चलाउने निर्णय भएको थियो। तर पुनः सतर्कता अपनाउन र खटजात्रामा समेत भीड हुनसक्ने भन्दै खट जात्रासमेत स्थगित गरिएको थियो।



श्री लुँमधि भद्रकाली गुठि

(श्री लुँमधि भद्रकाली गुठि) टेबहाः २२ वडा, यें, फोनः ०१-५७१३६७२

श्री लुंमधि भद्रकाली घः जात्राया सुचंः ।

विश्वव्यापी रुपमा फैले जुयाच्वंगु ल्वय् CORONA VIRUS (COVID-19) सं भिंगु दे नेपालय् नं फैलें जुइगु प्रवल सम्भावना जुगु कथ् थुगसीया पाहाचऱ्हे जात्रा न प्रभावित जुगुली जात्रा जुइगु स्वगुँ खं श्री लुंमधि भद्रकाली टेबाः, श्री लुंमधि भद्रकाली वटु, श्री कंकेश्वरी कंग या दथुइ सहलह जुगु कथं यक्व मनु मुनेगु था असनय् व तिनिख्यलं मत हिलेगु ज्याभव् बन्द यागु व न्हि जात्रा न मयागु थ थ कथं यायगु निर्णय जुगु कथं थुगसीया भिंगु श्री लुंमधि भद्रकाली टेबहा ख जात्रा नं क्वह न्हेथना कथं जक यायेगु निर्णय यानागु जुल ।

चैत्र १० गते सोमबार चऱ्हे - ४ ताःइलय टेबहाले घः थनेगु टक्सार खिचापुखः न्यूरोड न्यूरोड गेट तिनिख्य भद्रकाली थ्यंका घः गमय् बिज्याकेगु ।

चैत्र ११ गते मंगलबार औसी - ७ ताःइलय घःथना शहिदगेट जुया NAC न्यूरोड गेट जुया टेबहाः गणेशस्थाने दिकेगु ।

चैत्र १२ गते बुधबार पारु - ५ ताःइलय टेबहाः गणेशस्थान बाजं नाप भंः भंः धायका घः लसकुस पूजा याना बिमाँ खतय् बिज्याकेगु ।

जात्रा धुंका जात्रायाय भायादिपी दुज पिन्त प्रसाद बिया च्वंगु ज्याभव नं थुगसीया लागि बन्द यायेगु जुल ।

२) घोडाजात्रा, टुँडिखेल (मङ्गलबार)

यस वर्ष घोडाजात्राका कार्यक्रम पनि एक-तिहाइले घट्ने र 'प्रतीकात्मक' रूपमा मात्रगरिने भएको छ।

नेपाली सेनाका प्रवक्ता सहायक रथी विज्ञान देव पाण्डेकाअनुसार टुँडिखेलमा मङ्गलबार हुने घोडाजात्राका लागि पाहुना बोलाइएको छैन र प्रदर्शन पनि छोट्याइएको छ। घोडाजात्राका कूल २३ वटा कार्यक्रममध्ये मात्र ११ वटा ३५ मिनेटको अन्तरालमा प्रदर्शन हुने भएको छ।

यसपटक डग शो, डग जम्प, साइकल आदिका सबै कार्यक्रम रद्द गरिएका छन्। त्यस्तै यसपटक मात्र ४ वटा घोडा प्रयोग गरिनेछ।

३) कुमारी यात्रा, वसन्तपुरदेखि टुँडिखेल

घोडाजात्राअन्तर्गत प्रत्यक्ष देवी कुमारीको यात्रा वसन्तपुरको कुमारीघरदेखि टुँडिखेलनजिक हालको एनएसी भवनतर्फ चलाइने परम्परा छ।

तर कुमारीको यात्रा निकालिँदा भीड हुनसक्ने भन्दै तथा सुरक्षालाई मध्यनजर राख्दै यो यात्राको कार्यक्रम पनि स्थगित गरिएको छ। इन्द्रजात्रा व्यवस्थापन समितिले एक विज्ञप्ति जारी गर्दै यो यात्रा रोकिएको जानकारी गराएको हो।



जि.प्र.का. दर्ता नं. ७१३/०६८/६९

इन्द्रजात्रा व्यवस्थापन समिति

Management Committee of Indra Jatra

स्थापना : ने.सं. ११२९ • वि.सं. २०६६ • ई.सन् २००९

मिति :-०९/१२/२०७६

विज्ञप्ति

परम्परा देखि चलि आएको काठमाडौं टुँडिखेलमा मनाउने घोडा जात्रा पर्व अवलोकनको निमित्त नेपाल वायु सेवा निगममा श्री कुमारी भवानीको सवारी चलाउनु पर्ने परम्परा रही आएकोमा हाल विश्वव्यापी फैलिई आइरहेको कोरोना भाइरस जस्तो महामारी रोगको संक्रमणबाट सुरक्षित रहन नेपाल सरकारको आव्हानलाई मध्य नजर राखी श्री भवानीको सवारीमा भीड्भाड् हुने भएकोले श्री तलेजुको मुल पुजारी उद्धव कर्माचार्य, राज गुरु मञ्जुश्री रत्न बज्राचार्य, का.म.पा. २३ वडा अध्यक्ष मचाराजा महर्जन, शाक्य महाविहार संघ तथा अन्य बुद्धिजिवीहरुको सल्लाह बमोजिम यसवर्षको चैत्र ११ गते नेपाल वायुसेवा निगमको भवनमा श्री कुमारी भवानीको सवारी चलाउन नसकिने र केही समयको लागि दैनिक गरिने नित्य पुजा बाहेक अन्य पुजा तथा दर्शन पनि बन्द गरिएको यस विज्ञप्ति मार्फत जानकारी गर्दछौं ।

अध्यक्ष
गौतम शाक्य
(इन्द्रजात्रा व्यवस्थापन समिति)
काठमाडौं

का.म.न.पा, वडा नं. १८ किलाफ, फोन ४२१८७७७, E-mail: management.com2indrajatra@gmail.com

४) पिंगद्यःजात्रा र कार्यविनायक गणेद्यः जात्रा, बुंगमती (सोमबार-मङ्गलबार)

बुङ्गमतीमा पनि पाहाँचःह्रेअन्तर्गतका जात्रा नमनाउन ललितपुर महानगरपालिका वडा नं. २२ ले अनुरोध गरेको छ।

भीडभाड हुने गरी पिंगद्यः तथा कार्यविनायक गणेशको खटजात्रा नगर्न तथा सम्बन्धित बाजागाजाहरू ननिकाल्न वडा कार्यालयले यस्तो अनुरोध गरेको हो।

ललितपुर महानगरपालिका

𑐮𑐮𑐶𑐟𑐥𑐸𑐬 𑐩𑐴𑐵𑐣𑐐𑐬𑐥𑐵𑐮𑐶𑐎𑐵

२२ नं. वडा कार्यालय

बुङ्गमति, ललितपुर

३ नं. प्रदेश, नेपाल ।

चलानी नं.: १८३३

पत्र संख्या: ०७६/०७७

फोन नं. ०१-५१७३०६५

मितिः २०७६/१२/१०

सार्वजनिक सूचना ।

विश्वव्यापी रुपमा कोरोना भाईरस (Covid 19) संक्रमणको प्रकोप बढिरहेको सन्दर्भमा नेपालमा सो को प्रभावकारी रोकथाम र नियन्त्रणको लागि अर्को सूचना नभए सम्मको लागि भिडभाड नगर्ने तथा जात्रा चाडपर्वहरु पनि संयमित भई मनाउने विषयमा निर्देशन भएको हुँदा यस बुङ्गमती क्षेत्रमा आज र भोली हुन गईरहेको पाहाँचःह्रे तथा घोडेजात्रामा हाम्रो संस्कृति र परम्परालाई मात्र कायम राखी भिडभाड नहुने गरि सु-सम्पन्न गर्न पिंगद्यः तथा कार्यविनायक गणेद्यः लाई खटमा राखी जात्रा नगर्ने तथा बाजागाजाहरु बाहिर ननिकालि सहयोग गरिदिन हुन सम्पूर्ण वडाबासीहरुमा जानकारीको लागि अनुरोध छ ।

अम्बिर राज शाक्य
वडा अध्यक्ष

अम्बिर राज शाक्य
वडा अध्यक्ष

५) महालक्ष्मी अजिमा र गणेशजात्रा, इचंगु नारायण

कोभिड-१९ को त्रास बीच इचंगु नारायण मन्दिर परिसरमा मनाइने महालक्ष्मी अजिमा र श्री गणेशको रथयात्रा भीडभाड नगरी सीमित मानिस मात्र जम्मा भई गरिने भएको छ।

जात्रा आज अर्थात् चैत्र ११ गते मङ्गलबार परेको छ।

इचंगु नारायण भजन मण्डलद्वारा जारी एक विज्ञप्तिअनुसार उक्त जात्रा छोट्याइने भएको हो।

यस वर्ष देवताको रथलाई मन्दिर परिसरबाट उठाएर देवता घरसम्म मात्र लाने बताइएको छ। प्रत्येक टोलमा प्रत्येक घरघरमा खट लगी पूजा थाप्नुपर्ने प्रचलन भएकोमा यसपटक कोभिड-१९ का कारण जात्रा छोट्याउन लागिएको हो।

देवता घरअगाडि पूजा थाप्ने क्रममा पनि भीड नगर्न आह्वान गरिएको छ।



ईंचंगु नारायण भजन मण्डल
ईंचंगु नारायण
२०५५

पत्रसंख्या–२०७६/७७ मिति–२०७६/१२/७

सूचना !! सूचना !! सूचना !!

विषय:- जात्रा कार्यक्रम बारे ।

यस इचङ्गु नारायण मन्दिर परिसर देखि विभिन्न टोल टोल हुँदै हल्चोक सम्म परम्परागत रुपमा हरेक वर्ष मनाउदै आइरहेको सास्कृतिक जात्रा पर्व अन्तरगत श्री महालक्ष्मी (अजिमा) र श्री गणेशको रथयात्रा यस क्षेत्रको महत्वपुर्ण सास्कृतिक जात्रा पर्व हो । उक्त उक्त रथजात्रा कार्यक्रमलाई भव्यतापूर्वक उल्लासमय वातावरणमा सम्पन्न गर्न विगत फागु पूर्णिमा देखि नै आवश्यक तयारीका विभिन्न कार्यहरु गर्दै आइरहेका थियौं ।
तर यसै बिच अचानक विश्वभरि महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (COVID 19) का कारण विश्वको वातावरण नै अक्रान्तको अवस्थामा रहेको व्यहोरा जानकारी हुने नै छ । यसबाट नेपाल त झनै बढि जोखिमको खतरामा रहेको जानकारी विश्व स्वास्थ्य सगठनले समेत गरिसकेको अवस्था छ । यसबाट हुने खतरा तथा जोखिम कम गर्न हाले मात्र नेपाल सरकारले समेत २५ जवान भन्दा बढि मानिस भेला भई कुनैपनि सभा, सम्मेलन, जात्रा पर्व, मेला आदि नगर्न नगराउन सूचना जारी भइसकेको अवस्थामा धेरै जना भेला भई यस जात्रा पर्व सन्चालन गर्नु उपयुक्त नहुने व्यहोरा जानकारीको लागि अनुरोध छ ।

त्यसकारण यसै कारणलाई मध्य नजर गरि यहि **२०७६ साल चैत्र ११ गते मंगलवार** सन्चालन हुने श्री महालक्ष्मी (अजिमा) र श्री गणेशको रथयात्रा कार्यक्रम सिमित मानिसहरु मात्र भेला भई मन्दिर परिसरबाट रथ उठाएर ल्याई देवता घर सम्म मात्र सिमित गर्ने र गत वर्षहरुमा जस्तै प्रत्येक टोलमा प्रत्येक घर घरमा नलाने र पूजा गर्ने भक्तजन महानुभावहरुले देवता घर अगाडी नै दिनभर भिडभाड नहुने गरि पालैपालो पूजा गर्ने गरि व्यवस्था गर्ने भन्ने जनस्तरीय भेलाबाट निर्णय गरिएको हुदा सम्पूर्ण भक्तजन तथा आम जनसमुदायहरुमा जानकारीको लागि अनुरोध गर्दछौं ।

यसबाट सम्पूर्ण भक्तजनहरुमा पर्न जाने भावनात्मक र सास्कृतिक असुविधा प्रति क्षमा याचना गर्न चाहन्छौं । साथै यस्तो अवस्थामा जानी वा नजानी श्री महालक्ष्मी (अजिमा) र श्री गणेश लगायत ३३ कोटी देवताहरु प्रति यस इचगु नारायण भजन मण्डल लगायत इचगु नारायण देखि हल्चोक क्षेत्रका सम्पूर्ण जन समुदायहरुको तर्फबाट समेत कोटी कोटी क्षमा याचना गर्न चाहन्छौं ।

(रमेश श्रेष्ठ)
अध्यक्ष

संस्कृति जोगम् याय् धेगु हे सां या चि खः - ईचंगु नारायण भजन मण्डल, ईंचगु, काठमाडौं ।

६) सेतो मच्छिन्द्रनाथ रथ जात्रा, काठमाडौँ (चैत्र १९-२१ सम्म)

सहकालका देवता करुणामय सेतो मच्छिन्द्रनाथ यात्रा यसपटक नगरिने भएको छ।

सेतो मच्छिन्द्रनाथ रथयात्रा ११४० व्यवस्थापन समितिले चैत्र ७ गते शुक्रबार एक विज्ञप्ति जारी गर्दै जात्रा स्थगित हुने बताएको हो।

यस वर्ष चैत्र १९ गतेदेखि २१ गतेसम्म रथयात्राको तयारी सुरु भइसकेको थियो।

सेतो मच्छिन्द्रनाथ रथयात्रा ११४०
व्यवस्थापन समिति

सम्पर्क कार्यालय : केलटोल, जनबहाः, काठमाडौं । फोन : ९८४१७८५१११, ९८५१०८१७५०

मिति : २०७६ चैत्र ७ गते

श्रीमान सम्पादकज्यु

प्रेस विज्ञप्ति

बिषय : सेतो मच्छिन्द्र नाथको रथयात्रा स्थगित गरिएको बारे

नेपालमा मनाइने साँस्कृतिक परम्परागत जात्रा मध्यय् सहकालका देवता आर्यवलोकितिश्वर (सेतो मच्छिन्द्रनाथ)को रथयात्रा पनि एक मुख्य जात्रा हो । यही चैत्र १९ देखि २१ गते सम्म सेतो मच्छिन्द्रनाथको रथयात्रा भव्यतापूर्वक उल्लासमय बाताबरणमा सम्पन्न गर्नका लागि सबै आवश्यक तयारीका कामहरु भइरहेको थियो ।

तर यस समय कोरोनाको महामारीको भयावहता र क्षतिबाट बिश्व आक्रान्त रहेको अवस्था छ । हाम्रो देश नेपाल पनि यस महामारीको सक्रमणको खतरामा रहेको छ । सक्रमणको जोखिमलाई कम गर्न सजगताको लागि जनस्तरबाट पनि भिडभाड हुने कार्यक्रमहरु नगर्नु उचित हुन आउँछ । सेतो मच्छिन्द्रनाथको रथ यात्रामा हजारौ हजार भक्तजनहरु सहभागि हुने गर्दछ ।

यही कुरालाई ध्यानमा राखेर मिति २०७६ चैत्र ७ गते शुक्रबार यस वर्षको रथयात्राको लागि सेतो मच्छिन्द्रनाथ रथयात्रा व्यवस्थापन समितिको संयोजक एवम् काठमाडौं महानगरपालिका २५ वडाका अध्यक्ष निलकाजि शाक्यको अध्यक्षतामा गुठी संस्थानका अध्यक्ष मिनराज चौधरी, गुठी संस्थान काठमाडौं शाखाका प्रमुख हरीबहादुर सुबेदी, मच्छिन्द्रनाथका पुजारीहरु, बिभिन्न क्लब संघसंस्था र सरोकारवालाहरुको उपस्थितिमा छलफल गरी यस वर्ष आवश्यक र अनिवार्य बिधि बिधान मुताबिकका पुजा मात्र गर्ने र रथयात्रा नगर्ने निर्णय गरिएको कुरा सबैको जानकारीको लागि अनुरोध गर्न चाहन्छौं । यस वर्ष रथयात्रा गर्न नसकिने स्थिति सिर्जना भएकोमा श्री श्री श्री आर्यावलोकितेश्वर (सेतो मच्छिन्द्रनाथ)सँग कोटी कोटी क्षमा याचना गर्न चाहन्छौं । यसबाट भक्तजनमा पर्न जाने भावनात्मक तथा साँस्कृतिक असुविधाप्रति क्षमा याचना गर्न चाहन्छौं ।

श्री श्री श्री आर्यावलोकितेश्वर (सेतो मच्छिन्द्रनाथ)को कृपाले कोरोना महामारी विरुद्धको संघर्षमा मानव जातिले सफलता पाओस र विश्वको कल्याण होस भनी प्रार्थना गर्न चाहन्छौं ।

निलकाजि शाक्य
संयोजक

७) बिस्काः जात्रा (चैत्र अन्तिमदेखि वैशाखको पहिलो सातासम्म)

भक्तपुरको प्रसिद्ध बिस्काः जात्रा पनि रोकिने भएको छ। यसपटकको बिस्काः जात्रा आवश्यक पूजाआजा मात्र गरी सकाइने भएको छ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा सोमबार बिस्काः जात्रा सञ्चालन कार्यदल २०७६ को बैठकले यस्तो निर्णय गरेको हो।

यससँगै मूल जात्रा तथा टोलटोलमा हुने तिप्वा जात्रा, खः ल्वाकेगु जात्रा, द्यो स्वगं वियगु जात्रा लगायतका अन्य कार्यक्रमसमेत औपचारिक पूजाआजामा सीमित गरिने भएको हो।

८) नरदेवी श्वेतकाली नाच (सोमबार-मङ्गलबार)

काठमाडौँको नरदेवी टोलमा पाहाँचःह्रेको अवसरमा श्वेतकाली नाच निकालिने परम्परा छ। यसअनुसार सोमबार राति उक्त नाच निकालिएको छ।

तर कोभिड-१९ को त्रासबीच मङ्गलबार बिहान ६ बजेबाट सरकारले नेपालभर लकडाउन गर्ने भएपछि उक्त नाच पनि बिहानै सम्पन्न गरिएको छ।

भीडभाड नगर्ने नेपाल सरकारको आह्वानबीच यस जात्रालाई छोट्याइएको हो।

चैत्र १८ गतेसम्म लकडाउनपछि यसबाहेक पनि विभिन्न जात्राहरू स्वतः स्थगित हुने भएका छन्। यसमा उल्लेख नभएता पनि पाहाँचःह्रेअन्तर्गतका कार्यक्रमहरू विभिन्न पुराना बस्तीमा पनि घोषित/अघोषित रूपमा छोट्याइएका वा रद्द गरिएका छन्।

प्रकाशित: Mar 24, 2020 | 06:58:22

आभास धरानन्द राजोपाध्याय